श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।३।५ गते।

बैठक बसेको समयः दिउसो ८.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |



Scanned with CamScanner

मिति २०८१।३।५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | गाउँ शिक्षा समितिको मिति २०८१।०३।०४ को बैठक निर्णयबाट भएको देहायका प्रस्तावमाथिको सिफारिसका सम्वन्धमा।<br>क) शिक्षकहरुको दरबन्दी मिलान, काज सरुवा तथा पदस्थापन सम्बन्धमा । | शिक्षा युवा तथा खेलकुद शाखा |
| २. | आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट गाउँसभा अधिवेशनमा पेस गर्ने सम्वन्धमा। | |
| ३. | चकमके खानेपानी आयोजनाको ठेक्का सम्झौता अन्त्य गर्ने सम्वन्धमा। | कार्यालय |
| ४. | योजना तथा अनुगमन शाखाबाट आ व २०८०।०८१मा सम्पादित कामको प्रगति प्रतिवेदन अनुमोदन सम्बन्धमा। | योजना शाखा |
| | विविध। | सबै। |

निर्णय नं. १

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१।०३।०४ गतेको बैठकमाबाट सिफारिस भएका सम्पूर्ण निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूद्वारा आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र गाउँपालिका उपाध्यक्ष श्री धन बहादुर पुलामी अशोकद्वारा आर्थिक वर्ष २०८१।०८२को बजेट मिति २०८१।०३।१० गते बस्ने यस गाउँपालिकाको १४औं गाउँसभाको अधिवेशनमा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं. ३.

प्रस्ताव नं. ३. माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकालाई विशेष अनुदान मार्फत प्राप्त बजेट रु ५०,००,०००।– बाट मिति २०८०।११।१० गतेका दिन हिमालयन टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तिमलसिना निर्माण सेवा कम्पनीसँग मिति २०८१।०१।०३ गतेका दिन नियमानुसार ठेक्का सम्झौता भई कार्यदिशका आधारमा कार्य आरम्भ समेत गरेकोमा निर्धारित स्थानमा बोरिङ मेसिनको प्रयोग गरी ड्रिल गर्दा उक्त स्थान र नजिकै अर्को स्थानमा समेत पानी नआएको साथै ठेकेदार कम्पनी तिमलसिना निर्माण सेवाले geologist समेत ल्याई चेक जाँच गराउँदा उक्त स्थानमा पानी नआउने प्रतिवेदन पेस गरेको सन्दर्भमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम सार्वजनिक निकायले सार्वजनिक हितका लागि सुविस्ताको आधारमा खरिद

सम्झौताको अन्त्य गर्ने व्यवस्था बमोजिम दुवै पक्षको सहमतिमा उक्त ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय सर्वसम्मत पारित गरियो। साथै उक्त निर्णय कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. (४)
प्रस्ताव नं. (४) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका अन्तर्गत योजना तथा अनुगमन शाखाबाट आ.व.२०८०।०८१मा सम्पादित कामको प्रगति प्रतिवेदन स्वीकृत तथा अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

बिबिध:

क. यस गाउँपालिकाबाट स्थानीय राजश्व बाडफाडबाट भुक्तानी हुनेगरी विभिन्न योजना तथा कार्यक्रम पारित गरेको तर उक्त स्रोतमा आम्दानी नभएकाले उक्त शिर्षकबाट भुक्तानी हुने योजना तथा कार्यक्रमहरुको भुक्तानी समपुरक कोषबाट गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

ख. यस गाउँपालिका वडा नं. ८ को वाक्सुखोला लघु जलबिद्युत आयोजनाको विद्युत प्रवाहमा अवरोध आएकोले उक्त आयोजनाको निरन्तरताको लागि बिग्रिएको सामान मर्मत गर्नको लागि वडा नं. ८ कार्यालयबाट माग भई आएको सामान खरिद गर्नको लागि विल बमोजिम अधिक्तम रु ५०,०००।– सम्बन्धित आयोजनालाई भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

ग.

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



Scanned with CamScanner